म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ५१ | बिहीबार ३ असोज २०८१ | ने. सं. ११४४ ञलाथ्व | 19 September 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

**संविधान दिवस भव्य रुपमा मनाऔं**

☞ नेपालको संबिधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।

☞ संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संविधान दिवसको महत्व बढाऔं ।

☞ प्रत्येक नागरिक्ले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ऐतिहासिक 'शंखमूल'को समग्र विकासमा जुट्यो थाहानगर

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ मकवानपुरको सांस्कृतिक सहरको परिचय बनाएको थाहा नगरपालिकामा अवस्थित ऐतिहासिक शंखमूलको समग्र विकासमा पाइला अगाडि बढाइएको छ ।

थाहा नगरपालिकाको उपप्रमुख भरत गोपालीको पहलमा काठमाडौंस्थित शान्तिधामका मठाधीश १००८ स्वामी चतुभुजाचार्य चूडामणि महाराजले शंखमूलको नेपाल महात्मे हिम्मवत खण्डमा उल्लेख भएको पौराणिक धार्मिक महत्व बारे स्थानीयलाई जानकारी गराएका छन् । मंगलबार शंखमूलमै आयोजना गरिएको एक कार्यक्रमबीच चूडामणिले थाहा-३, स्थित पौराणिक ऐतिहासिक शंखमूलको शास्त्रीय प्रमाणका आधारमा संरक्षण तथा विकास गर्ने उद्देश्यसम्बन्धी धार्मिक महत्वबारे प्रकाश पारेका थिए ।

चूडामणि महाराजको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नगरप्रमुख विष्णुबहादुर विष्टको अध्यक्षता रहेको थियो । कार्यक्रमको उद्देश्यमाथि उपप्रमुख गोपालीले प्रकाश पारेका थिए । उनै उपप्रमुख गोपालीले विश्वका तीन शक्तिशाली शंखमूलमध्ये थाहामा रहेको यस शंखमूलको समग्र विकासका लागि सबै मिलेर अगाडि बढ्नुपर्ने बताएका हुन् । उनले शंखमूलको





पूर्वाधारसँगै धार्मिक पर्यटनका हिसाबले विकास गरिने योजना प्रस्तुत गरे । शंखमूल नजिकै रहेका ऐतिहासिक पाण्डुकेश्वर मन्दिर भद्रतीर्थको पनि विकास गरिने गोपालीले उल्लेख गरेका छन् ।

त्रिवेणी शंखमूल थाहानगरको प्रशिद्ध धार्मिकस्थल हो । पालुङको शंखमूलसहित काठमाडौंको पशुपतिनाथको शंखमूल र भारतको एउटा शंखमूललाई विश्वको तीन शक्तिशाली शंखमूलको रुपमा लिइने गरिएको उपप्रमुख गोपालीले बताए । पौराणिक महत्वअनुसार पालुङको शंखमूलको समग्र विकास आवश्यक रहेको र यसलाई तीव्रता दिइने उनी बताउँछन् । शंखमूलमा मन्दिर, पुष्पबाटिका, किरियापुत्री घर, धर्मशाला लगायत पूर्वाधारका संरचना निर्माण गर्ने योजना रहेको उनले जानकारी दिए ।

शंखमूलसँगै रहेको पुरानो सरस्वती मन्दिरको पनि संरक्षण गरिने उनले बताए । 'यो विश्वको तीन मुख्य शंखमूलमध्ये एक हो । यसको पौराणिक महत्व छ । शंखमूललाई थाहा नगरपालिकाको प्रमुख धार्मिक पर्यटनको दृष्टिकोणले विकास गर्ने योजनामा छौं'-उपप्रमुख गोपालीले भने । शंखमूलको विकासका लागि यसअघि नै विस्तृत सम्भाव्यता अध्ययन (डीपीआर) निर्माण भइसकेको छ । लवशेर बिष्ट नगरप्रमुख भएको समयमा बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले डीपीआरअनुसारका पूर्वाधार निर्माण गर्न शिलान्यास गरेका थिए ।

दामनपालुङको घट्टेखोला, घर्तीखोला, फेदीगाउँबाट बग्ने खोलाको त्रिबेणी रहेको शंखमूल संरक्षणका लागि तटबन्ध गर्ने, शंखमूलमा एक सय आठ धारा निर्माण गर्ने, किरियापुत्री बस्ने सेड निर्माण गर्ने, स्थानीय गोपाली समुदायका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्ने कार्य पूर्वनगर प्रमुख बिष्टले सुरुवात गरेका थिए । पर्याप्त बजेटको अभावका कारण समयमै निर्माण गर्न नसकिएको भएपनि आगामी दिनमा सबै मिलेर शंखमूललाई उच्चकोटीको धार्मिक पार्क बनाउने कार्य गर्न जरुरी रहेको पूर्वनगरप्रमुख बिष्टले साझाकुरालाई बताए ।

चतुभुजाचार्य चूडामणि महाराजले शंखमूलको समग्र विकासमा लाग्न स्थानीय सरकार र नगर बासीलाई अनुरोध गरेका छन् । उनले धार्मिक पर्यटनको सम्भावना बोकेको शंखमूलको पौराणिक महत्वअनुसार विकास गर्नुपर्नेमा जोड दिए । चूडामणि महाराजले शंखमूलको धार्मिक प्रमाणहरु प्रस्तुत गरेका थिए । धार्मिक हिसाबले थाहा नगरपालिका यसै प्रख्यात छ । शंखमूल मात्र नभई यहाँ ऐतिहासिक ऋषेश्वर मन्दिर, पाण्डुकेश्वर मन्दिर, इन्द्रायणीमाई, बज्रवाराहीमाई, स्वचन्दभैरव, पाथीभरा मन्दिर, गोरखनाथधाम प्रमुख धार्मिक क्षेत्र हुन् । धार्मिक क्षेत्रले प्रख्यात थाहाले सांस्कृतिक सहरको परिचय पनि बनाएको छ । यहाँ हरेक वर्ष थुप्रै धार्मिक तथा सांस्कृतिक कार्यक्रमको आयोजना हुने गरेको छ ।

पर्यटकीय दृष्टिकोणले थाहानगर सम्भावना भएको क्षेत्र हो । चित्लाङ, टिस्टुङको नर्वेढुंगा, खुकुरीपार्क, मुलाबारीचौर, दामन, सीमभञ्ज्याङ, कोटथुम्की पर्यटकीय क्षेत्रमा प्रकृतिले दिएका वरदान हुन् । थाहानगरका अधिकांश नागरिकको मुख्य पेसा कृषि हो । थाहानगरको अर्को महत्वपूर्ण विशेषता भनेको कृषिपर्यटन पनि हो । स्थानीय सरकारले कृषिक्षेत्रलाई प्राथमिकतामा राखेर बजेट बनाउने गरेको उपप्रमुख गोपाली बताउँछन् ।

# मदन भण्डारी स्वास्थ विज्ञान प्रतिस्ठानविरुद्धको रिट खारेज

साझाकुरा संवाददाता



हेटौंडा, २ असोज/मदन भन्डारी स्वास्थ विज्ञान प्रतिस्ठान विरुद्धको रिट खारेज भएको छ । हेटौंडा अस्पतालका तत्कालीन मेडिकल सुपरीटेण्डेन श्रीधर अर्यालले दर्ता गरेको रिट उच्चअदालत पाटन हेटौंडा ईजलाशले खारेज गरिदिएको अधिवक्ता मदनकुमार दाहालले जानकारी दिए ।

हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत नै रहेको कुरालाई उच्चअदालत पाटन हेटौंडा इजलाशले थप पुष्टि गरेको अस्पतालका पदाधिकारीबाट दाबी गरिएको छ । मुद्दामा अस्पतालको खाता अस्पतालकै मेसुले सञ्चलन गर्न पाउनु पर्ने र प्रतिष्ठानबाट अलग हुनुपर्ने माग गरिएको थियो ।

यसअघि गत असार अन्तिममा हेटौंडा इजलाशले अस्पताललाई पूर्ववत् अवस्थामा काम गर्न दिन अल्पकालीन अन्तरिम आदेश जारी गर्दै प्रतिष्ठानलाई कारण देखाऊ आदेश जारी गरेको थियो । हेटौंडा अस्पतालका निमित्त निर्देशक डा.अर्याल, लेखाअधिकृत राजेश थापा, प्रशासनप्रमुख (अधिकृत आठौं) गोविन्दप्रसाद पुडासैनीले अस्पताललाई प्रतिष्ठानबाट अलग गर्नुपर्ने, अस्पतालको लेखालगायतका प्रशासनिक काममा प्रतिष्ठान व्यवस्थापनले गैरकानुनी रुपमा हस्तक्षेप गरेको र पूर्ववत् काम गर्न पाउनुपर्नेलगायत माग गर्दै प्रतिष्ठानविरुद्ध रिट दायर गरेका थिए ।

हेटौंडा अस्पताललाई यथास्थितिमा सञ्चालन गरी प्रतिष्ठानले छुट्टै अस्पताल निर्माण गर्नुपर्ने विषयमा बहस भइरहेको छ । नेपाली कांग्रेस, माओवादी केन्द्र, राप्रपा, नेकपा (एकीकृत समाजवादी) लगायत राजनीतिक दलहरु अस्पतललाई पूववत् अवस्थामै सञ्चालन गर्नुपर्ने माग राख्दै अगाडि बढेका छन् । ६० वर्ष लामो इतिहास बोकेको मकवानपुरको एक मात्र सरकारी अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने माग दलहरुको छ । एमाले भने प्रतिष्ठान मातहत अस्पताल सञ्चालन हुनुपर्ने पक्षमा छ ।

०७६ को ऐन बमोजिम प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको परिच्छेद-६ को दफा १५ को उपदफा १ मा अस्पतालको स्थापना गर्नेछ भनिएकोमा सोही दफाको उपदफा २ ले प्रचलित कानुनबमोजिम स्थापित भई सञ्चालन भइरहेको हेटौंडा अस्पताललाई नै उपदफा १ बमोजिम स्थापना भएको मानिनेछ भनेर चोरबाटोबाट हेटौंडा अस्पताल कब्जा गर्न खोजिएको कांग्रेसलगायत दलहरुले आरोप लगाउँदै आएका छन् ।

GRAND OPENING

PEAK | ERKE

असोज १ गतेबाट हजुरहरुमाझ

Peak & Erke authorised showroom

D next dress up

हेटौंडा-१०, राप्तीरोड

राजक शाही

मोबाइल नम्बर ९८५५०७०१५६

# बागमती प्रदेशका उत्कृष्ट विद्यालय पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/राष्ट्रिय शिक्षा दिवस २०८१ को अवसरमा बागमती प्रदेशका उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिएको छ । प्रदेशको शिक्षा विकास निर्देशनालय हेटौंडाले प्रदेशका उत्कृष्ट विद्यालयलाई सामाजिक विकास मन्त्रालयको सभाहलमा आयोति कार्यक्रममा पुरस्कृत गरेको हो ।

दिवसको अवसरमा ५ सामुदायिक र ५ संस्थागत विद्यालयलाई नगदसहित पुरस्कृत गरिएको हो । शिक्षा विकास निर्देशनालय बागमती प्रदेशले छनोट गरेका सामुदायिक तर्फका मेघा माध्यमिक विद्यालय तेखापुखु भक्तपुर, बलम्बु माध्यमिक विद्यालय चन्दागिरि नगरपालिका काठमाडौं, पृथ्वी माध्यमिक विद्यालय विदुर-४ नुवाकोट, तरुण माध्यमिक विद्यालय बालाजु काठमाडौं र श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल काठमाडौं उत्कृष्ट भएका थिए ।

त्यस्तै संस्थागततर्फका ह्विज किड्स इन्टरनेशनल स्कुल बालुवाटार काठमाडौं, रिलायन्स इन्टरनेशनल एकेडेमी बुढानीलकण्ठ काठमाडौं, गोकर्णेश्वर लाइट एकेडेमी गोकर्णेश्वर काठमाडौं, शांकरी स्कुल छाउनी काठमाडौं र माउन्ट ग्लोरी ईंगिलस बोर्डिङ हाइस्कुल उत्कृष्ट भएका थिए । उत्कृष्ट सामुदायिक र संस्थागत विद्यालयलाई क्रमश: १ लाख रुपैयाँ, ८० हजार, ७० हजार, ६० हजार र ५० हजार रुपैयाँ सहित पुरस्कृत गरिएको थियो ।

दिवसको अवसरमा आयोजित निबन्ध लेखन प्रतियोगिताको प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई पनि पुरस्कृत गरिएको थियो । जसमा स्कृति चौलागाई बाँसबारी माध्यमिक विद्यालय काठमाडौं प्रथम, सुमना बुढाथोकी स्याउरीभूमि माध्यमिक विद्यालय शिवपुरी नुवाकोट द्वितीय, अविना कार्की भालेश्वर माध्यमिक विद्यालय पनौती काभ्रे तृतीय भएका थिए । उनीहरुलाई क्रमश: १० हजार, ८ हजार र ५ हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।

पुरस्कृत हुनेहरुलाई प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, शिक्षा विकास निर्देशनालय हेटौंडाका निर्देशक दीपेन्द्र सुवेदी लगायतले नगद, प्रमाणपत्र, सहित पुरस्कृत गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री लामाले शिक्षाको गुणस्तर बढाउन अभिभावकलाई सुधार गर्नुपर्ने बताएका छन् । उनले शिक्षा क्षेत्रको गुणस्तर र नतिजामुखी बनाउन अभिभावकलाई जिम्मेवार बनाउनुपर्ने बताए । कार्यक्रममा सामाजिक विकास मन्त्री खड्गीले सामुदायिक विद्यालयको अवस्था सुधारमा प्रदेश सरकारले लगानी बढाउने बताइन् । उनले सरकारको पहलमा मात्र शिक्षाक्षेत्र सुधार सम्भव नरहेकाले सबै सरोकारवाला निकाय गम्भीर रहनुपर्ने बताइन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

HetaudaCityCollege.edu.np

**ADMISSION OPEN**



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS

Register Now

HETAUDA CITY COLLEGE (Affiliated to TU)

Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

## हाम्रो कुरा

# संविधान दिवसको उत्साह

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्य रुपमा मनाउन बागमती प्रदेश सरकारले मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा ४३ सदस्यीय 'प्रदेशस्तरीय संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समिति, २०८१' गठन गरेको छ । बिभिन्नखाले संघर्ष, आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै, ऐतिहासिक उपलब्धिलाई सर्वसाधारण जनताले अधिकतम् उपभोग गर्न पाउनु संविधानको मर्म थियो । तर, त्यसो हुन सकेको छैन । फलस्वरुप सर्वसाधारणमा संविधान दिवसको उत्साह पटक्कै छैन । सत्ताधारी समूहलाई मात्र महत्वपूर्ण लागिरहेको अवस्था छ । कुनै पनि मुलुकमा संविधानसभामार्फत् संविधान बनाइनुको मुख्य उद्देश्य भनेको देशलाई समृद्धिको यात्रामा हिंडाउनु नै हो । सर्वसाधारण जनतालाई अधिकतम अधिकार उपयोग गर्न दिनु संविधानको उद्देस्य थियो । बिगतका दिनमा हाम्रो नेतृत्ववर्गले यही सोचकासाथ संविधानसभाको विषय उठान गरेका थिए । संविधानसभाको एजेण्डा उठान गर्ने तत्कालीन बिद्रोही माओवादी नै हो । एक दसकको जनयुद्ध स्थगन गरी शान्तिप्रक्रियामा आएको माओवादीले अघि सारेको एजेण्डामा जनताको साथ पाएर संविधान बनेपछि जनताले ठूला दलको साथ पाउन सकेनन् ।

संविधानसभाबाटै ८ वर्ष लगाएर संविधान लेखियो र जारी भयो । 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' संकल्प संविधानले गरेको थियो । 'ब्यवहारमा त्यसो हुन नसकेको, राजनीतिक दलको भागबण्डाको श्रृंखलाबाट सर्वसाधारण जनता बाक्क भएर संविधानदिवसप्रति जनचासोमा कमी आएको जानकारहरु बताउँछन् । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका, कानूनी राज्यको जुन अवधारणा संविधानले गरेको थियो त्यो आमनागरिकका लागि भन्दा पनि सत्ताधारीमा सीमित भएको छ । लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधान २०७२ ले गरेको परिकल्पना यथार्थमा संविधानको ठेलीमा सीमित भएको अवस्था छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी संविधान जारी भएको थियो । तर, सत्तासमिकरण जनजीविकामा सुधार ल्याउन नभई नेता आफैं ठूलठूला भ्रष्ट्राचारमा डुबिरहेको अवस्था छ । नेपालको इतिहासमा पहिलोपटक नेपाली जनताले आफ्नो सार्वभौमसत्ताको प्रयोग गर्दै जननिर्वाचित प्रतिनिधिबाट गठित संविधानसभाबाट वि.सं. २०७२ मा नेपालको संविधान जारी भएको नौ वर्ष हुँदैछ । नेपाली जनताको पटकपटकको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र बलिदानबाट प्राप्त राजीनितिक उपलब्धिलाई संस्थागत गर्ने कार्य सत्ताबाहिर बसेको समयको एजेण्डा मात्र बनेको छ । सत्तामा पुगेपछि कसरी सात पुस्तालाई पुग्नेगरी कमाउने र कुर्सी कसरी जोगाउने ? भन्नेमा मात्र सीमित हुने गरेको नागरिक समाजको बुझाई छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज ४ गते शुक्रबार २० सेप्टेम्बर २०२४ । तृतीया, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ६:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# आवश्यकता संवैधानिक इमानदारीको



✍ बसन्तराज पाध्याय

विश्व मानचित्रमा राजनीतिक रेखाहरूले सिमांकन भएका प्राय: मुलुकहरूका आ-आफ्नै संविधान छन् । संविधान शासन सञ्चालनको मूल कानुनी राजनीतिक सहमतिको दस्तावेज हो । यो राज्य-व्यवस्था सञ्चालन गर्ने नियमहरूको संग्रह वा समूह हो । यद्यपि वर्तमान समयमा यसको निर्माणप्रतिको स्वामित्व र कार्यान्वयनमा इमानदारी छ-छैन भन्ने कुराले महत्व पाउने गरेको छ । संविधानमा नैतिकता वा नैतिक संविधानवाद वर्तमान विश्वमा शासकीय पात्रहरूको इमानदारी परीक्षण गर्ने एक मापनको सूचक समेत रहने गरेको छ । संविधान संरचनात्मक एक शासकीय राजनीतिक सहमतिको कानुनी दस्तावेज पनि हो । यसले सृजना गरेका संयन्त्रहरू कत्तिको कामयाबी छन्, संविधानले अपेक्षा गरे अनुसार संरचना र संयन्त्रहरूको स्थापना र सञ्चालन भएका छन् कि छैनन् र भएकोमा त्यसको प्रभावकारितासम्म आकलन गरिने गरेको पाइन्छ ।

प्राचीनकालमा संविधान भन्नाले तत्कालीन समाजको दास-स्वामित्व व्यवस्था अन्तर्गतको राजनीतिक संगठनात्मक व्यवस्थालाई बुझिन्थ्यो । पछि दास-स्वामित्व व्यवस्था हुँदै सामन्ती व्यवस्थामा परिणत भएपछि संविधान शब्दलाई देशको मूल कानुन भन्ने गरेको पाइन्छ । प्रख्यात विद्वान डायसीले 'राज्यको सार्वभौमसत्ता कसमा निहित छ र कसरी त्यसको प्रयोग गरिन्छ भन्ने तथ्यलाई स्पष्ट पार्ने नियमहरूको प्रणालीलाई' संविधान भनी परिभाषित गरेका छन् । संविधान सरकारको जननी हो, यो जनताद्वारा निर्माण गरी लागू हुने गर्दछ ।

त्यसैले संविधानको मुख्य आधार सम्बन्धित राष्ट्रको जनता हुन्, जहाँ जनताले जुन प्रकारका नियमहरूलाई आफ्नो देशको व्यवस्था सञ्चालन गर्ने प्रमुख र मूलभूत नियमको रूपमा स्वीकार गरेका हुन्छन्, तिनै नियमहरूको संग्रह नै संविधान हो । यस्ता नियमहरूको संग्रहयुक्त दस्तावेजीकरण हुन सक्दछ भने कतै छरिएर रहेको पनि पाइन्छन्, जस्तो कि बेलायत । संसारभर विभिन्न मुलुकमा निर्माण भै लागू भएका संविधानहरूको आ-आफ्नै निर्माण पृष्ठभूमि र मौलिकपन रहेको पाइन्छ । संविधानको नवनिर्माण भन्ने विरलै हुन्छ जबकि अधिकांश संविधान एकआपसमा मिल्दोजुल्दो हुन्छ ।

संविधान विश्वमा उस्तै समयमा एउटै-एउटै प्रकृतिको निर्माण, व्याख्यात्मक विकास र समयसापेक्ष संशोधन हुँदै लागू भएको पाइन्छ । किनकि विश्वव्यापी लहर उस्तै-उस्तै समान प्रकृतिको समेत हुन्छ, जस्तो एउटा मुलुक उदार खुला प्रजातान्त्रिक चेतनायुक्त लहरले लोकतन्त्रको मार्गमा हिंडिरहँदा अन्य मुलुकमा पनि सोही असर प्रभावले लोकतान्त्रिक लहरहरूले प्रश्रय पाउँदै गएको हुन्छ । विश्वव्यापीकरण, उदारीकरण, सूचनाप्रविधिको विकास लगायत पछिल्लो समयमा विश्व समुदायका समान आकांक्षा, लहर, चेतना र अपेक्षा उस्ता-उस्तै हुने हुँदा शासकीय शैलीका खातिर समेत आवश्यक पर्ने भनी निर्माण गरेको संविधानमा पनि समानता पाउन सकिन्छ । संविधान जुनसुकै प्रकृतिको होस्, त्यसले मूल्य प्रणालीलाई आत्मसात् गरी असल ढंगले कार्यान्वयन गर्नु महत्वपूर्ण मानिन्छ ।

विश्व परिघटना र नेपालकै सन्दर्भलाई हेर्ने हो भने संविधानमाथिको जालसाजीपूर्ण प्रयोग गर्ने चेष्टा गरेको पाइन्छ । यद्यपि यसलाई न्यायिक प्रक्रियाबाट सच्याइदिएको थुप्रै दृष्टान्त छन् । अधिवक्ता सन्तोष भण्डारी विरुद्ध राष्ट्रपतिको कार्यालय समेत भएको मुद्दामा प्रतिनिधिसभा विघटन सम्बन्धी विवादको संक्षिप्त आदेश र नेपाली कांग्रेसका पार्टी सभापति शेरबहादुर देउवा विरुद्ध राष्ट्रपतिको कार्यालय समेत भएको मुद्दाको फैसला लगायतले संवैधानिक इमानदारीको व्याख्या विवेचना गरेको पाइन्छ ।

संविधानले आफ्नै मूल्यप्रणाली स्थापित गर्दै अनिवार्य पालना गर्नुपर्ने नैतिक संस्कृतिको अपेक्षा गरेको हुन्छ । संसारमा संविधान मान्दिनँ वा जान्दिनँ अथवा बुझ्दिनँ भन्ने छुट अबको समयमा कसैलाई नहुने साथै सबै असल र नैतिकवान् नागरिकले यसको भार अनिवार्य लिनुपर्ने हुन्छ । संविधानले लिपिबद्ध शब्द वा वाक्य विन्यासको भाष्य भन्दा पृथक् र गहन भाव बोकेको हुन्छ भन्ने मान्यता राखिन्छ । संविधानले युगौं-युग अनादिकालदेखि विकसित भएका प्रणालीबद्ध स्थापित मान्यताहरूलाई सैद्धान्तीकरण गरी उक्त सिद्धान्त समेत आत्मसात् गरेको हुन्छ । जहाँ देशको सपना सहितको गन्तव्यपथका पात्रहरूले संवैधानिक मूल्यप्रणाली विकास गरी असल अभ्यास गरे नैतिक संविधानवादले प्रश्रय पाउँदछ ।

तसर्थ, संविधान शासकीय व्यवस्थालाई वैधानिकता दिने जनअनुमोदित दस्तावेज पनि हो । संविधान देशका समग्र कानुनको मातृत्व वा पितृत्व ग्रहण गरी अभिभावकीय कोटिमा पर्दछ । यसैलाई मूल कानुन समेत भनिने हुँदा अन्य कानुनहरू यसैलाई मुहान मानी नि:सृत हुने गर्दछन् । यो आवश्यकता अनुसार संशोधनीय लिखित पनि भएको हुँदा यसलाई एक गतिशील राजनीतिक सहमतिको दस्तावेज समेत मानिन्छ । नेपालमा लामो संवैधानिक आकांक्षा पछि संविधानसभाबाट जारी भएको संविधानले मुलुकलाई संघात्मक ढाँचामा रूपान्तरण गरी शासकीय स्वरूप नै परिवर्तन गरेको छ । संवैधानिक राष्ट्रपति राष्ट्रप्रमुख, कार्यकारी मन्त्रिपरिषद् साथै बालिग मताधिकार प्रयोग गरी आवधिक निर्वाचन मार्फत संसदीय अभ्यास गर्दै संवैधानिक सर्वोच्चता कायम गर्नुपर्ने मौलिकपन नेपालको संविधानमा देखिन्छ ।

असल संवैधानिक संस्कृति, संवैधानिक मूल्यमान्यता र संवैधानिक स्थायित्वको लागि नेपालको संविधानले न्यायपालिकालाई प्रदान गरेको अधिकारलाई संवैधानिक दायराभित्र रही समयसापेक्ष व्याख्यात्मक विकास गर्ने गरेका असल नजिरहरू हाल सालैको घटनाले देखाएको छ । नेपालको न्यायपालिका र न्याय पद्धति वा प्रणालीको सन्दर्भ अन्य मुलुकहरूसँग तुलना गरी हेर्ने हो भने विश्वका उत्तम कोटिका न्यायिक अभ्यास, प्रचलन तथा संवैधानिक प्रावधान भन्दा घटी र कमी नरहेको पाइन्छ । जसलाई नेपालको न्यायपालिका संवैधानिक प्रावधान र कार्यमूलक नतिजाबाट देख्न सकिन्छ ।

संविधान बृहत् भएर व्यवस्था असल र बृहत् हुने नभई शासकीय प्रकृति र पात्रको प्रवृत्ति भने संवैधानिक मूल्य, मान्यता, संस्कृति र पवित्रतासम्मत हुनुपर्दछ । पछिल्लो समय विभिन्न संवैधानिक दर्शनको वकालत गरिरहँदा अबको विषय भनेको नैतिक संविधानवाद र नव संविधानवाद हुनुपर्ने देखिन्छ । जहाँ शासकीय पात्रहरूको संविधान माथिको जालसाजीपूर्ण दुष्प्रयोग, संवैधानिक मूल्य र संस्कृतिको अवमूल्यन नगरी संविधानसम्मतको शासकीय गतिविधि लगायतले समृद्धिको राष्ट्रिय आकांक्षालाई पूरा गर्दै संवैधानिक सपना साकार पार्नुपर्ने देखिन्छ । साथै संविधानप्रतिको पूर्ण स्वामित्व र जनअपेक्षित नतिजाउन्मुख कार्यान्वयन गर्नुपर्दछ ।

नवसंविधानवादले राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, स्रोतको बाँडफाँड र आर्थिक समुन्नतिसम्म अपेक्षा गर्दछ । यसको लागि शासकीय पात्रमा इमानदारीद्वारा नै नवसंविधानवादलाई आत्मसात् गर्न सकिन्छ । असल संवैधानिक संस्कृतिले राज्यशक्तिको बाँडफाँड, प्रयोग र वितरणमा केही आदर्श र उच्च मूल्यमान्यताको अपेक्षा राख्दछ भने संविधानवादको अभावमा कुनै पनि सरकारले वैधता प्राप्त गर्न सक्दैन । तसर्थ, कुनै पनि सरकार सत्तामा रहिरहनको लागि वा सत्ता सञ्चालनको लागि संवैधानिक वैधता प्राप्त गरेको हुनुपर्दछ ।

यसका साथै, शक्तिपृथकीकरण र नियन्त्रण, न्यायिक पुनरावलोकन, स्वतन्त्र संवैधानिक अंगहरू, शक्ति-विकेन्द्रीकरण र निक्षेपण साथै जनताका भावना, इच्छा वा बृहत्तर सार्वजनिक हित केन्द्रित शासन पद्धति हुनु भन्नु नै समग्रमा नैतिक र नवसंविधानवाद हो । संविधानको कार्यान्वयन संविधानवाद अनुरूप भइरहेको छैन । संवैधानिक साक्षरताको अभाव छ । शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको प्रभावकारिता देखिएका छैनन् । दण्डहीनता दिनानुदिन बढ्दै गइरहेको छ । राजनैतिक दलहरूमा आन्तरिक प्रजातान्त्रिक संस्कारको अभाव छ । प्रेस जगतको भूमिकामा प्रश्न तथा आलोचनाहरू रहिरहेकै छन् । न्याय सम्पादनमा ढिलासुस्तीका साथै खर्चिलो छ ।

न्यायाधीशको छनोट तथा नियुक्ति प्रक्रिया आलोचनात्मक हुनु, दिनानुदिन भ्रष्टाचार बढ्दै जानु, मौलिक हकको कार्यान्वयनमा कमजोरी तथा समस्याहरू रहनु जस्ता समस्या अझै विद्यमान छन् । अदालतका आदेश तथा फैसलाहरूको समयमा नै कार्यान्वयन हुनसकेका छैनन् । स्रोत-साधनको समुचित वितरणमा एकरूपता नहुनु साथै सहकार्य, सहअस्तितव र समन्वयको सामञ्जस्यता नहुनुले समग्रमा नागरिक केन्द्रित शासन व्यवस्था सञ्चालन नभई संविधानप्रतिको वितृष्णा हुनु नेपालको संविधान कार्यान्वयनका झन्डै एक दशकीय यात्राका समस्या तथा चुनौती देखापरिरहेको पाइन्छ । शासन सञ्चालनको सामर्थ्य प्राप्त गर्न शासन विधिसम्मत चल्नुपर्ने हुन्छ । शासन सञ्चालन कसरी गर्ने, के आधारमा गर्ने, कति समयसम्म गर्ने, किन गर्ने भन्ने जस्ता प्रश्नको पृष्ठभूमिका लागि विधिको आवश्यकता पर्दछ । तसर्थ, विधिको शासन भन्नाले सोझो अर्थमा कानुनको शासन भन्ने बुझिन्छ । कानुनको शासन भन्नाले सरकार सञ्चालन वा सेवा प्रवाह गर्नका लागि लिखित लोकतान्त्रिक कानुनको आवश्यकता र शासन व्यवस्था विधिविधानसम्मत हुनुपर्दछ ।

संविधानले शासन सञ्चालनको लागि कोरेको मार्गचित्र अनुसार सरकार सञ्चालन वा राज्यका सबै अंग र निकायहरूको कार्य सम्पादन हुनु नै विधिको शासन हो । विधिको शासन हुनको लागि लोकतान्त्रिक संविधान र परिपाटी अवलम्बन गर्नुपर्ने हुन्छ । लोकतान्त्रिक परिपाटी अनुसार जनताका प्रतिनिधि मार्फत कानुनको निर्माण र सोही कानुन बमोजिम शासन व्यवस्था सञ्चालन हुनुपर्दछ भन्नु नै विधिको शासन हो । बेलाबेला शासकले आफूलाई शासन सञ्चालन कवचका रूपमा कानुन निर्माण गरी सत्ता वा शासन सञ्चालन गरेका दृष्टान्तहरू पनि छन् । वर्तमान लोकतान्त्रिक समयको उन्नत लाभ लिने बेला पनि आफू अनुकूल शासन व्यवस्था सञ्चालन गर्नको लागि कानुनमा मनपरी संशोधन र अध्यादेश मार्फत शासन सञ्चालनको चेष्टा गरेको देखिन्छ ।

यद्यपि त्यसलाई न्यायालयले कतिपय अवस्थामा न्यायिक पुनरावलोकन मार्फत संवैधानिक परीक्षण गरी अवैध घोषित गरेको छ । जसमा सक्षम र स्वतन्त्र न्यायपालिकाको प्रभावकारिता देखिन्छ । समग्रमा न्यायसम्मत कानुनको विवेकसम्मत प्रयोग नै विधिको शासन हो । पछिल्ला दिनहरूमा राजनीतिक केन्द्रित शासन प्रणाली बिस्तारै वातावरण, पर्यावरण, विकास, आर्थिक समृद्धि केन्द्रित हुँदै गएको पाइन्छ । विधिको शासनमा कानुन निर्माण प्रक्रियादेखि त्यसको कार्यान्वयनसम्म सहभागिताको अपेक्षा गर्ने गरिन्छ । विधिसम्मत ढंगले राजनीतिक गतिविधि सञ्चालन, विकास मात्र नभएर दिगो विकास र शासन सञ्चालनका गतिविधिमा सबैको समान सहभागिताको अपेक्षासम्मका कुराहरू पछिल्ला शासन प्रणालीका आयामहरूमा थपिंदै गएको पाइन्छ ।

घरपरिवार, समुदाय, समाज देश र समग्र विश्व परिवेश नै विधिको शासनको पक्षमा वकालत गर्दै आएको र यसको सान्दर्भिकता झन् बढ्दै गइरहेको छ । लोकतान्त्रिक शासन पद्धतिमा राज्यका तीनवटै अंगहरू कार्यमुखी भई जनताप्रति उत्तरदायी संसद्, जवाफदेही तथा जनकेन्द्रित सरकार, स्वच्छ, सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायपालिका भएको हुनुपर्दछ । राज्यको कार्यक्षेत्र विस्तार हुँदै गइरहेको र नेपालले लोकतान्त्रिक संघीय प्रणाली अवलम्बन गर्दै गर्दा संघ, प्रदेश तथा स्थानीय सरकारका व्यवस्थापकीय र आर्थिक कार्य प्रणाली समेत अभ्यास गरेको पाइन्छ । यसरी कार्य क्षेत्र विस्तार हुँदै गर्दा कतै विधि र पद्धतिको अवज्ञा त गरेको छैनन् ? भनी सबैले चनाखो हुनु जरूरी छ ।

विधि विपरीत भए गरेका कार्य मान्य नहुने साथै यसको न्यायिक परीक्षणबाट अवैध घोषित हुने हुन्छ । तसर्थ कार्य भइसकेपछि उपचारात्मक बाटोबाट पुनर्स्थापित गरी राज्यको स्रोत, साधन र समय खर्च गर्नु भन्दा पहिल्यै शासन सञ्चालन गर्ने पात्र, संयन्त्र वा निकायहरूले हरेक गतिविधि गर्नुपूर्व त्यस सम्बन्धमा भएका संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था लगायतको बारेमा पूर्ण जानकार रहेर मात्र शासकीय गतिविधि सञ्चालन गर्नु उपर्युक्त हुन्छ ।

नेपाली जनताले आफ्ना लागि आफैंले संविधान बनाउने अपेक्षा पूरा भइसकेको पनि अब झन्डै एकदशक हुन लागेको छ । संविधानको निर्माण क्रान्ति वा उत्पत्तिबाट हुने गर्दछ भनिन्छ । नेपाल सरकार वैधानिक कानुन, २००४ देखि नेपालको संविधानसम्म आइपुग्दा संविधानवादले प्रश्रय पाएको भएतापनि त्यसको कार्यान्वयन पक्ष भने त्यति सुखद् रहेको पाइँदैन । विभिन्न कालखण्डमा विकास भएको विधिको शासन पनि वर्तमान समय जस्तो उपर्युक्त र उन्नत थिएन । नेपाल अधिराज्यको संविधान, २०४७ ले भने संविधानवाद र विधिको शासनलाई अंगीकार गरेको तर कार्यान्वयनमा त्यति सुखद् रहन सकेन भने नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानवाद र विधिको शासन स्थापित गर्न प्रारब्ध तयार गरी संक्रमणकालीन अवस्थामा केही हदसम्म सन्तोषजनक सूचकहरू देखा परेका थिए ।

नेपालको संविधान संविधानवाद र विधिको शासनका दृष्टिकोणले उच्चकोटिको संविधानका रूपमा ग्रहण गर्ने गरिन्छ । नेपालको संविधानको प्रस्तावनामा 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' सबैका भावना समेटिने मौलिक चरित्रको छ । यसका साथै पर्याप्त मौलिक हकहरू, संवैधानिक उपचारको व्यवस्था, राज्य शक्तिको पृथकीकरण, नियन्त्रण र सन्तुलन, शक्ति विकेन्द्रीकरण साथै नागरिक केन्द्रित सेवा प्रवाह समेतलाई जोड दिएको पाइन्छ । सशक्त र नियमनकारी संवैधानिक अंगहरू, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका जस्ता व्यवस्थाले यसलाई संविधानवादका दृष्टिले बलियो बनाएको छ ।

विधिको शासनका दृष्टिकोणबाट नेपालको संविधान एक उत्कृष्ट दस्तावेज मानिन्छ । राज्य सञ्चालनको आधारभूत मार्गचित्र सहित जारी भएको यो संविधानले लोकतान्त्रिक विधिको शासनका समग्र मूल्यहरूलाई आत्मसात् गरेको छ । कुनै बेला राजनीतिक विषयवस्तुमा केन्द्रित संवैधानिक सवालहरू र विधिको शासन हाल आएर विकास, अर्थतन्त्र लगायत समसामयिक विषयवस्तुमा केन्द्रित हुने गरेको पाइन्छ । संविधानवाद र विधिको शासनलाई हरेक लोकतान्त्रिक मुलुकले आत्मसात् गरेको विश्वव्यापी दृष्टान्त छन् । जसको लाभहरू आम जनताले प्राप्त गरेको छ भने लोकतान्त्रिक मूल्यमान्यताको आदर्शलाई अंगीकार गर्दै लोककल्याणकारी राज्य उन्मुख शासन प्रणालीको गन्तव्य तय गरेको पाइन्छ ।

संविधानले वाक्य संयोजन गरी लेखेकै आधारमा मात्र संविधान असल र खराबभन्दा पनि यसको असल परिमाणात्मक कार्यान्वयनले उन्नत बनाउँदछ । तसर्थ नेपालको संविधान जारी भै लागू भइसकेपछि यसको कार्यान्वयन नतिजा वा परिणामको लेखाजोखा गरी सुधार्न र सच्चिन विलम्ब गर्न हुँदैन । यसको लागि शासकीय पात्रहरू, राजनीतिक अगुवाहरूले संवैधानिक मूल्य र संस्कृतिको अवलम्बन र पालना गर्नुपर्छ । संवैधानिक साक्षरता विस्तार गर्नुपर्छ भने संविधानलाई बौद्धिक विलासीपनको डिस्कोर्स नबनाई रचनात्मक सुधारको बाटो देखाउन जोड दिनुपर्छ । सम्पूर्ण राजनीतिक लगायत जे-जस्ता विवादको निकास अदालतबाटै खोज्ने प्रवृत्तिको अन्त्य गर्दै सबैले अनिवार्य संवैधानिक इमानदारी पालना गरी संविधानलाई जीवन्त र गतिशील बनाउँदै असल संवैधानिक परिपाटीको विकास र विस्तार गर्दै जानुपर्दछ । र त अब संविधानको परिभाषा शासन सञ्चालनको मूल कानुनी र ाजनीतिक सहमतिको गतिशील दस्तावेजमा मात्र सीमित नरही शासकीय पात्रहरूले इमानदारीपूर्वक संवैधानिक मूल्य, परम्परा, संस्कृति र संवैधानिक पवित्रतासम्मत ढंगले शासन सञ्चालनको मूल कानुनी राजनीतिक सहमतिको गतिशील दस्तावेजमा हुनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# सुशासन र सेवाप्रवाहको प्रभावकारिता: शासन प्रणालीको स्थिरता

✍ सागर पण्डित

प्रधानमन्त्री केपी शर्मा ओली र वर्तमान सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को लक्ष्य राख्दै आए पनि त्यसलाई मूर्तरुप दिन अत्यावश्यक आधारको रुपमा रहेको सुशासन र सेवाप्रवाहको प्रभावकारितामा खासै ध्यान पुऱ्याउन सकेको देखिँदैन । मुलुक समृद्ध र जनता सुखी बनाउन सकिएमा त्यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई दीर्घजीवी बनाउन सक्छ । साथै राजनीतिक नेतृत्वलाई पनि सफल बनाउँछ । अहिले आम नागरिकमा देखिँदै आएको निराशाको मुख्य कारण नै सुशासन र सेवाप्रवाह प्रभावकारिताको अभाव नै हो भन्दा अत्युक्ति हुँदैन । त्यसैले प्रधानमन्त्री ओलीले सुशासन कायम गराउन र सरकारीस्तरबाट नागरिकलाई प्रदान गरिने सेवाप्रवाह प्रभावकारी बनाउन अब कुनै कसर बाँकी राख्नुहुँदैन । प्रधानमन्त्री ओलीले आफ्नो अब बाँकी समय पूर्णरुपमा देश र जनताको हितमा समर्पित गर्ने जुन प्रतिबद्धता देखाउँदै आउनुभएको छ त्यसलाई पूर्णरुपमा व्यवहारमा उतार्न सक्नुपर्छ ।

प्रधानमन्त्रीमा स्पष्ट भिजन छ, धेरै कुराको जानकारी छ । तर उहाँमा रहेको भिजन र जानकारीलाई उहाँले व्यवहारमा उतार्न नसकेको हो कि जस्तो देखिन्छ । यसका लागि उहाँ एक्लैले केही गर्न सक्ने अवस्था छैन । त्यसैले उहाँको राजनीतिक र प्रशासनिक दुवै खाले टिम सशक्त र रातदिन खट्न सक्ने खालको चाहिन्छ । समय खेर फाल्ने बेला छैन । रातदिन खटिएर काम गर्ने टिम बनाउनुपर्छ । प्रधानमन्त्रीले सबै खाले लोभ-लालचहरु पूर्णरुपमा परित्याग गर्न सक्नुपर्छ । भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई व्यवहारमा उतारेको अनुभूति आम जनतालाई दिन सक्नुपर्छ ।

प्रधानमन्त्रीले केही दिनअघि मात्रै मन्त्रीहरुलाई निश्चित जिम्मेवारी दिएर कार्यसम्पादन सम्झौता गर्नुभएको छ । यसरी मन्त्रीसँग गरिएको सम्झौतालाई औपचारिकतामा सीमित गरिनुहुँदैन । अब हरेक मन्त्रालय र मन्त्रीले गर्ने कामको नियमित अनुगमन गरी उनीहरुलाई असल र सत्कर्म गर्न उत्प्रेरित गर्नु प्रधानमन्त्रीको मुख्य कार्य हुनुपर्छ । प्रधानमन्त्री र सिंगो सरकारको योजना एवं कार्यक्रमलाई कर्मचारीमार्फत कार्यान्वयन गराउन मुख्य भूमिका खेल्ने सम्बन्धित र विभागीय मन्त्री हुन् । यदि ती मन्त्रीले राम्ररी र परिणाम दिने गरी काम गरेनन् भने प्रधानमन्त्रीले जतिसुकै योजना र कार्यक्रम ल्याए पनि ती कार्यक्रमहरु जनतासमक्ष पुग्न सक्दैनन् । अहिले प्रधानमन्त्री ओलीको सारथीका रुपमा रहेका अधिकांश मन्त्रीहरु यथास्थितिवादमा नै रमाइरहेका छन् । पहिलेका सरकारका मन्त्री र अहिलेका मन्त्रीहरुको काम गराइ र व्यवहारमा खासै फरकपन छैन । अधिकांश मन्त्रीहरुले परिणाम निकाल्ने गरी सशक्त काम गर्न सकिरहेका छैनन् । 'मर्निङ सोज् द डे' भनेजस्तै कुनै पनि मन्त्रीले आहा कति राम्रो कामको थालनी गरे भन्ने सुन्न र देख्न पाइएको छैन । परिणाम निकाल्न नसक्ने, काममा खट्न नसक्ने, कमिसनको चक्करमा फस्ने र मन्त्रालयको मुख्य बिजनेसलाई ध्यान नदिने मन्त्रीहरुले सिंगो मुलुक र संघीय शासन व्यवस्थालाई नै पंगु बनाउन सक्ने सम्भावना रहन्छ । त्यस्तै मन्त्रीका कारण सिंगो सरकार नै असफल हुने सम्भावना रहन सक्छ । त्यसैले प्रधानमन्त्रीले आफ्नै मन्त्रीहरुको बारेमा गहन अध्ययन विश्लेषण गर्नुपर्छ । खराब प्रवृत्तिका मन्त्रीलाई सकेसम्म अंकुश लगाएर राम्रो काम गर्न लगाउनुपर्छ । कुनै पनि मन्त्री घूसखोरी र भ्रष्टाचारमा संलग्न भएको पाएमा त्यस्ता मन्त्रीलाई हटाउन तथा बर्खास्त गर्नसमेत पछि पर्नुहुँदैन । वर्तमान सरकारले विभिन्न खाले राजनीतिक नियुक्ति गर्दासमेत विशेष संवेदनशीलता अपनाउन जरुरी छ ।

सार्वजनिक निकाय तथा सरकारी संस्थानहरुमा राजनीतिक नियुक्ति गर्दा पारदर्शी र प्रतिस्पर्धी बनाउनुपर्छ । निश्चित मापदण्ड बनाएर नियुक्ति गर्नुपर्छ । प्रधानमन्त्री र उहाँको टिमले एउटा यस्तो सशक्त प्रणालीको विकास गर्नुपर्छ कि काम नगर्ने, जिम्मेवारी पन्छाउनेलाई ठाउँका ठाउँ कारबाही गर्नुपर्छ । राज्यको स्रोत-साधनमाथि हुने दुरुपयोग पूर्णरुपमा रोकिनुपर्छ ।

जनताले विधि र कानुनी शासनको पूर्ण अनुभूत गर्न सक्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । तर अहिले पनि न्याय प्रणाली चुस्त छैन । जनताले आफ्नो गाउँ-ठाउँको विकास भएको अनुभूति गर्न सकेका छैनन् । महँगी नियन्त्रण हुन सकेको छैन । कालोबजारी रोकिएको छैन ।

*क्रमश: पृष्ठ-३.....*

अन्तरवार्ता

# प्रदेशलाई संघको अङ्गमात्र बनाइरहने हो भने संघीयताको संस्थागत विकास हुँदैन : मन्त्री काफ्ले

हेटौंडा, २ असोज/नेपालको संविधान, २०७२ जारी भएसँगै नेपाल संघीय गणतन्त्रात्मक व्यवस्था भएको देश बनेको झन्डै दशक पुग्न लागेको छ । संघ, सात प्रदेश र ७५३ स्थानीय तहको राज्य संरचना भएको देशमा पछिल्लो समय सरकारको संख्या बढी भएको र खर्चिलो भएको भन्ने विषयमा बहस सुरु भएको छ । संघ र प्रदेशमा नेपाली कांग्रेस र एमालेको सरकार बनेपछि संविधान संशोधनको विषय उठिरहेका बेला तीनै तहका सरकारले कसरी काम गरिरहेका छन् ? यो व्यवस्था/संरचनालाई सुदृढ बनाउन के गर्नुपर्ला ? संविधानत: संघ सरकार र प्रदेश सरकारबीचका कस्ता विषय जटिल छन् ? यीलगायत विषयमा संविधान दिवसका सन्दर्भमा बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री **कुन्दनराज काफ्ले**सँग गरिएको कुराकानीको सम्पादित अंश:



**कुन्दनराज काफ्ले**
**आर्थिक मामिला तथा योजनामन्त्री, बागमती प्रदेश**

**- नेपालको संविधान २०७२ जारी भई प्रदेश बनेपछि के कस्ता उपलब्धि भए ? प्रदेशले अहिलेसम्म सम्पादित कामबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

प्रदेशमा पहिले पनि नियमित कानुन बनाउने काम भइरहेका छन् । अहिले पनि प्रदेशले अधिकार पाएका छैनन् । कर्मचारी र प्रहरीमा प्रदेशको अधिकार छैन । संविधानले दिएका अधिकार प्रदेशले पाउन सकेका छैनन् । अहिलेसम्म संघीय कानुनहरु नै निर्माण भएका छैनन् । संघले कानुन बनाएर अधिकार हस्तान्तरण गर्ने, कानुन निर्माण गर्ने काम भएका छैनन् ।

जनताको घरघरमा प्रदेश सरकारको अनुभूति दिएको छ । संघले कानुन निर्माण नगर्ने प्रदेशलाई संघ सरकारको अंगका रुपमा व्याख्या गर्ने र सरकारको कार्यक्षेत्र र अधिकारभन्दा बाहिर विकासे अड्डाको रुपमा मात्रै रुपान्तरित गर्न खोज्नु आफैंमा दुर्भाग्यपूर्ण कुरा हो । त्यही भएर अब कानुन निर्माण भएर प्रदेश सरकारको अनुभूति दिन सक्ने अवस्था निर्माण गर्न सक्नुपर्ने वर्तमान अवाश्यकता छ ।

**- संविधानअनुसार प्रदेश सरकारलाई आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा हालको संरचनागत र कानुनी व्यवस्था कस्तो छ ? प्रदेश सरकारलाई अझ सशक्त, प्रभावकारी र विश्वसनीय बनाउन के कस्तो संरचना र कानुनी व्यवस्था छ ?**

प्रदेश सरकारलाई चाहिने दक्ष कर्मचारीको अभाव छ । हामीले बनाएका, संसदीय अभ्यास गरेका निर्णय कार्यान्वयन गर्न कठिनाइ छ । प्रदेश सरकारले आफूलाई चाहिने जनशक्ति भर्ना गर्न नपाउने अवस्था छ । प्रमुखसचिव, सचिवहरु संघका कर्मचारी छन् । प्रदेशलाई चाहिने विभिन्न प्रदेशका आयोगलाई आफूलाई चाहिने जनशक्ति निर्माण गर्ने अवस्थाका साथ अगाडि बढ्नपर्छ ।

विगतको तुलनामा केही न केही त भएको छ तर, यो पर्याप्त छैन । सुरक्षाको विषयमा कुरा गर्दा नगरपालिका र गाउँपालिकासँग प्रहरी छ । संघमा प्रहरी हुने नै भयो । तर, प्रदेशमा प्रहरी युनिट निर्माण भइसकेको छैन । त्यसैगरी आफ्नो दायराभित्र रहेर कर संकलनसम्बन्धी व्यवस्था गर्नसक्ने अधिकार पनि प्रदेश सरकारलाई छैन । संघले पठाउने अनुदानको रकममा नै प्रदेश भर पर्नु परेको अवस्था छ । भागबण्डाकारुपमा मात्र प्रदेशलाई रकम दिइरहने हो र संघको एक युनिटका रुपमा प्रदेशलाई लिइरहने हो भने संघीयता संस्थागत हुन सक्दैन ।

केही आशलाग्दा कुरा पनि भएका छन् । जनताको पहुँच प्रदेश सरकारसँग छ । स्थानीयस्तरमा नै सरकार भेटिने भएको छ । कमजोरी चाहिँ के हो भने, हामी आफैँले हाम्रो कार्यक्षेत्राधिकार भित्रका कुराहरु सञ्चालन गर्न सक्ने अवस्था छैन, कानुनीरुपले अझै भएको छैन । त्यो दुर्भाग्यपूर्ण हो । यो मात्र काम भयो भने प्रदेश सरकार अझ बढी सार्थक हुने पक्का छ ।

**- संघ, प्रदेश र स्थानीय तहबीच अन्तरद्वन्द्व पनि देखिन्छ । केन्द्रले प्रदेश एवम् प्रदेशले स्थानीय तहलाई अधिकार नदिएका कुरा आइरहेका छन् । प्रदेशले चाहिँ यसमा के गर्दैछ ?**

स्थानीय तहलाई हामीले अधिकार नदिएको भन्ने कुरा आफैंमा गलत छ । संघीय संसदबाट प्रदेशलाई अधिकारसम्पन्न बनाउने दिशामा नगएको कुरा चाहिँ सत्य हो । हुन बाकीँ कुराहरु धेरै छ । त्यो हुनुपर्छ । छिटोभन्दा छिटो हुनुपर्छ । तर, हामीले स्वास्थ्यको कुरामा, प्रदेश स्थानीय र संघले नै एउटै कार्यक्षेत्रलाई तीन तहकै अधिकारको रुपमा लिएको छ । अर्को कुरा शिक्षाको हकमा पनि स्थानीय र प्रदेशलाई दिएको छ । पाठ्यक्रमको हकमा फेरि अर्कै छ । कृषिको हकमा पनि त्यस्तै छ ।

कुन ठाउँमा यसले लगानी/काम गर्ने भन्ने कुरा चाहिँ प्रस्ट हुनुपर्छ । नत्र, सडकको कुरामा त्यस्तै छ । विकास निर्माणदेखि नीति निर्माणका कुराहरु धेरै त्यस्तै छ । त्यसैले प्रदेश सरकारले प्रभावकारी ढंगले लान नसक्ने र जनतालाई बुझाउन नसक्ने अवस्था हो । नेपालको संविधानले दिएको कार्यक्षेत्रभित्र हामीले कानुन निर्माण गरेर सुरक्षा, स्वास्थ्य र शिक्षाको हिसाबले कुन-कुन हिसाबमा हाम्रो कार्यक्षेत्र भित्र पर्छ । यी क्षेत्रमा काम गर्ने अवस्था निर्माण नहुन्जेल संघीयता संस्थागत हुन सक्दैन ।

**-प्रदेश सरकार खर्चिलो भयो, आर्थिक रुपमा आत्मनिर्भर र राजनीतिक रुपमा स्वतन्त्र नभएको भन्दै यो संरचना नै खारेज गर्नुपर्दछ भन्ने आवाज आउन थालेको छ । प्रदेशलाई स्थिर, सक्षम र थप कामकाजी, जनपक्षीय, परिणाममुखी र सुदृढ बनाउन के गर्नुपर्ला ?**

प्रदेश सरकारलाई पहिला कानुनीरुपले अधिकारसम्पन्न बनाउनुपर्छ । नेपालको संविधानले २०६२/६३ को आन्दोलनपछि संविधानसभाबाट निर्मित संविधानले गरेका व्यवस्था पूर्णरुपमा कार्यान्वयन गर्नुपर्यो । यदि पूर्णरुपले अधिकार दिएर काम गरेपछि प्रदेश सफल भएनन् र जनताले पनि प्रदेशको आवश्यकता नै छैन भन्छन् भने राज्यले जनमतको कदर गर्नुपर्छ । यो गणतन्त्र हो । यो व्यवस्थामा जनताले दिएको म्यान्डेट अनुसार काम नहुने भन्ने कुरा चाहिँ हुन सक्दैन । यो पञ्चायती व्यवस्था होइन । गणतन्त्रमा त्यस्तो कुरा प्राक्टिस गर्न पाइन्छ ।

संघीयता पनि जनताकै आन्दोलनबाट सिर्जित व्यवस्था हो । पहिला पूर्णरुपले संघीयता कार्यान्वयन गर्ने दिशामा जानुपर्छ । पूर्णरुपले संघीयता कार्यान्वयनपछि पनि जनतालाई डेलिभरीको कुरामा, मौलिकहक, शिक्षा, स्वास्थ्य र रोजगारीका कुरामा आश्वस्त बनाउन प्रदेश सरकारले सक्दैन भने त्यसपछि चाहिँ प्रदेश सरकारका विषयमा कुरा उठाउन सकिन्छ । सबैभन्दा पहिले अधिकारसम्पन्न प्रदेश सरकार बनाउनपर्ने हो । यो पहिलो आवश्यकता पनि हो । यी विषय नभइकनै, प्रदेशलाई पूर्णरुपले अधिकार नदिइकनै प्रदेश सरकारको औचित्य छैन भन्नु चाहिँ मुर्खता मात्र हो ।

**-प्रदेश सरकारलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्ने सन्दर्भमा संविधानमा भएको व्यवस्था अनुसार यहाँको प्रदेशमा कानुन निर्माणको प्रक्रिया कसरी अवलम्बन भएको छ ?**

प्रदेशका कतिपय गौरवका आयोजनाको नाममा औचित्य पुष्टि गर्न गाह्रो हुने गरी प्रदेश सरकारले लगानी गरेको पाइयो । गौरवका योजनाका विषयमा बजेट निर्माण हुनुभन्दा ४ महिना पहिल्यै हामीले सचेततापूर्वक काम गरेका छौं । अब सम्बन्धित मन्त्रालयले पूर्वयोजनाका साथ मात्र काम गर्छ । योजनाअनुसार आउन परियोजना र आयोजनामा बजेट विनियोजन हुने कुरा स्पष्ट पार्न चाहन्छु । हिजो जुन नेतृत्वले जथाभावी बजेट हाल्ने काम गर्नुभयो, त्यो निन्दनीय छ । यो विषयमा उहाँहरुलाई प्रश्न गर्दा 'हामीलाई केही गर्ने हुटहुटी थियो, हामीसँग पूर्णरुपमा सबै कुरा थिएनन्' भन्ने जवाफ दिनुहुन्छ । अब प्रदेश सरकारले ती किसमिका योजनामा लगानी गर्दैन र गर्नपनि हुन्न । प्रदेशमा गौरवका योजना जनता, प्रदेश र देशको पक्षमा मात्र हुन्छन् । प्रदेश सरकारले अब त्यस्ता योजनामा मात्र लगानी गर्छ ।

**-यहाँले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेका कारण पनि प्रदेशको आर्थिक दायित्व र आम्दानीबारे जानकार हुनुहुन्छ । खासमा कति खर्चिलो रहेछ प्रदेश ?**

तुलनात्मकरुपमा अरु प्रदेशको खर्च गर्ने क्षमता जति हाम्रो आम्दानी नै छ । हामीलाई खासै गाह्रो अवस्था छैन । जति प्रभावकारी हुनुपर्ने हो त्यति चाहिँ छैन । कर र आम्दानीको क्षेत्रमा कानुनीरुपमा जसरी अगाडि बढ्नुपर्ने थियो त्यसरी नबढेको रहेछ ।

यसमा हामीले अर्थ मन्त्रालय अन्तरगत दुई टोली बनाएका छौं । यी विषयमा उहाँहरुले अध्ययन गरी कर नउठेका क्षेत्रमा र संभावित करको दायर विस्तार गर्ने क्षेत्रमा सुझाव दिनुहुनेछ । त्यसका लागि अझै दुई-तीन महिना जति समय लाग्न सक्छ । यी विषयमा अर्थ मन्त्रालय अघि बढिसक्यो । मन्त्रालयले काम थालिसक्यो । यो काम पूरा भएपछि समग्रमा प्रदेशको दायित्व र आम्दानीबारे प्रष्ट हुन्छ । हालको अवस्थामा बजेट र यसको कार्यान्वयन लगायतका विषयम सार्वजनिक रुपमा आइसकेकै विषय हुन् ।

**-अन्त्यमा, संविधान दिवस २०८१ को उपलक्ष्यमा नेपाली जनता र विशेषगरी प्रदेशवासीलाई के भन्न चाहनुहुन्छ ?**

२०६२/६३ को जनआन्दोलनको उपलब्धिको छुट्टै महत्व छ । यस्तो उपलब्धि र इतिहास भएको देशमा विगतका शासक राणा र राजाहरुले पारिवारिकरुपमा केन्द्रित भएर राज्य चलाए । जनताले बारम्बार हासिल गरेका उपलब्धिलाई नेपालमा संस्थागत विकास गर्न बाधा गरे । त्यसपछि जनताले विद्रोह गरी गणतन्त्र स्थापना गरे । संघीयता जनताको शासन व्यवस्था हो ।

यो व्यवस्थामा विकृतिलाई निर्मूल पार्दै उपलब्धिको संस्थागत संरक्षण र विकास गर्दै नेपाललाई सम्पन्न बनाउने दिशामा अघि बढ्नुपर्छ । गणतन्त्रमा जनता सर्वोपरि हुन् । जनता सक्षम भए यो व्यवस्था प्रभावकारी हुन्छ । त्यसर्थ सक्षम र सचेत जनताले नै यो व्यवस्थालाई निर्देशित गर्छन् । त्यसैले सचेत नागरिकलाई निरन्तर खबरदारी गर्दै सधैं जनताकेन्द्रित निर्णय गराउन र गलत विषयको खबरदारी गर्दै देशको समुन्नत विकासमा जुट्न अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

# 'छक्का पञ्जा ५'को 'ब्रेकअप' गीतमा पूर्व प्रेमिकाप्रति आक्रोश



काठमाडौं/दशैंको अवसर पारेर आगामी असोज २४ गते फूलपातीदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'छक्का पञ्जा ५'को पहिलो गीत 'बिहे भाको छैन म' खासै चल्न सकेन । डेढ महिनामा गीतलाई युट्युबमा ४५ लाख भ्यूज छ । बरु यो गीतभन्दा एक हप्ता पछि आएको फिल्म 'खुस्मा'को 'रुकुम मैकोट' गीतले एक करोड भ्यूज नघाएको छ । यसबाट पनि 'बिहे भाको छैन म' गीत नचलेको प्रष्ट हुन्छ ।

यसैबीच, 'छक्का पञ्जा ५'को 'ब्रेकअप' बोलको दोस्रो गीत बुधबार सार्वजनिक गरिएको छ । गीतमा बाबुल गिरीको गायन, संगीत र शब्द रचना छ । फिल्मका कलाकारहरू दीपकराज गिरी, केदार घिमिरे, दीपाश्री निरौला, वर्षा सिवाकोटी, मेक्सम गौडेल, सुरवीर पण्डित लगायतलाई प्रस्तुत गरिएको गीतमा ब्रेकअपपछि प्रेमीले प्रेमिकाप्रति पोखेको आक्रोशलाई कमेडी शैलीमा देखाइएको छ ।

दीपाश्री निरौलाको निर्देशनमा तयार भएको फिल्ममा आर्यन सिग्देल, निर्मल शर्मा, तेज गिरी आदिको पनि अभिनय रहेको छ । हरि हुमागाइँको डिओपी तथा उत्तम हुमागाइँको छायांकन रहेको फिल्ममा दीपकराज स्वयंको पटकथा लेखन छ भने कथा र संवादमा उनलाई केदार घिमिरे र दीलिप तामाङले सघाएका छन् । फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन तथा विपिन मल्लको सम्पादन छ ।

'छक्का पञ्जा'को अघिल्ला चार सिरिज ब्लकबस्टर भएका थिए । पाँचौं सिरिज पनि सफल हुनेमा शंका छैन । तर, यसपटक चुनौती ठूलो छ । दुई नेपाली फिल्म '१२ गाउँ' र 'ज्वाइँ साब' पनि फूलपातीमै आउन लागेकाले 'छक्का पञ्जा ५'लाई असर गर्न सक्ने धेरैको आँकलन छ । त्यसमाथि असोज १८ गतेदेखि प्रदर्शन हुन लागेको हलिउड फिल्म 'जोकर २'ले पनि ठूलो असर गर्न सक्ने देखिन्छ ।

# 'खुस्मा' प्रिमियर : उपासनाको अभिनयको प्रशंसा



काठमाडौं/'रुकुम मैकोट' गीतका कारण चर्चामा रहेको फिल्म 'खुस्मा' संविधान दिवसको दिन पारेर बिहीबारदेखि प्रदर्शनमा आउँदैछ । प्रदर्शनको पूर्वसन्ध्यामा मंगलबार कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर राखिएको थियो । मगर समुदायको नृत्य र बाजागाजाले रोमाञ्चक बनेको प्रिमियरमा फिल्मका शीर्ष अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी मगर पहिरनमा उपस्थित थिए ।

द्वन्द्वकालीन समयको प्रेमकथामा आधारित रहेको फिल्मले प्रिमियरमा राम्रो तारिफ पाएको छ । नेतादेखि सेलिब्रेटीहरुको उल्लेख्य उपस्थिति रहेको प्रिमियरमा अधिकांशले फिल्मको कथावस्तु, कलाकारको अभिनय र निर्देशकीय पक्षको खुलेर प्रशंसा गरेका थिए । विशेषगरी उपासनाको ज्यादा तारिफ सुनियो । उनले आफूलाई अभिनयमा अब्बल रुपमा प्रस्तुत गरेको धेरैको प्रतिक्रिया थियो ।

निर्देशक निश्चल बस्नेतले उपासनाको प्रशंसा गर्दै फिल्मले निराश नबनाउने दाबी गरे । 'निर्देशकले भन्न खोज्नुभएको कुरा मज्जाले नै देखाउनुभएको छ । उपासनाको काम राम्रो छ । उपासनाबाट निर्देशकले जसरी काम निकाल्नुभएको छ, त्यो मन पऱ्यो । धीरजको काम पनि राम्रो छ । र, रुकुमको मैकोटलाई जसरी देखाइएको छ, त्यो एकदमै राम्रो छ । फिल्मले निराश बनाउँदैन,' उनले भने ।

उनले निर्देशकलाई फिल्ममा धेरै सिनहरु भएकाले त्यसलाई छोट्याएर कसिलो बनाउन पनि सुझाव दिए । उनले भने, 'निर्देशकको हिसाबले फिल्म हेर्दै गर्दा अझ यस्तो भइदिए हुन्थ्यो भन्ने चीज पनि छ । फिल्ममा धेरै सिन छन्, त्यसलाई अलि कसिलो बनाउने हो भने अझ पावरफुल हुनसक्छ । नयाँ थप्नुपर्ने चीजहरु होइन कि अलि कसिलो बनाउँदा अझ 'इफेक्टिभ' हुन्छ जस्तो मलाई लाग्छ ।'

सांसद ज्ञानेन्द्र शाहीले भने 'खुस्मा'लाई दस्तावेजको संज्ञा दिए । 'यो फिल्म मात्र नभएर दस्तावेज हो । यो फिल्म हेरिएन भने २०५२ भन्दा अगाडिको नेपाल बुझ्नुहुन्न,' उनले भने, 'एउटा सामान्य मान्छेको जीवनमा राज्य पक्ष र विद्रोही पक्षबाट के कुराले असर पऱ्यो र जीवनमा कति अप्ठ्यारो पऱ्यो भन्ने कुरा फिल्मले देखाएको छ । 'खुस्मा' हेर्दा योपछि यो सिन आउँछ भनेर कल्पना गर्न सकिन्न ।'

अभिनेत्री पशुपति राईले फिल्म राम्रो बनेको भन्दै प्रशंसा गरिन् । 'खुस्मा'ले द्वन्द्वकालको समयलाई सम्झाउने उनको धारणा थियो । 'फिल्मले द्वन्द्वकालीन समयलाई सम्झाउँछ । अनि मीठो प्रेमकथा छ । मलाई धेरैपछि कसैको केमेस्ट्री मन परेको हो भने त्यो धीरज र उपासनाको हो,' उनले भनिन् । अर्की अभिनेत्री गौमाया गुरुङले पनि धीरज र उपासनाको 'केमेस्ट्री' एकदमै मन परेको बताइन् ।

निर्देशक रेनशा वान्तवा राईको भने आँशुले आँखा भिजेको देखिन्थ्यो । उनलाई फिल्मले भावुक बनाएको रहेछ । उनले फिल्म राम्रो बनेको भन्दै उपासना र धीरज दुवैको कामको प्रशंसा गरिन् । अभिनेता द्वय सलिनमान बनियाँ र आशीर्वाद क्षेत्रीले पनि फिल्म मन परेको बताउँदै धीरज र उपासनाको अभिनयको प्रशंसा गरेका थिए । फिल्मको कथामा सबैले 'रिलेट' गर्ने उनीहरूको विश्वास छ ।

प्रिमियरमा प्राप्त प्रतिक्रियाबाट उत्साहित देखिएका धीरज 'खुस्मा'लाई आम नेपालीको कथा भन्न रुचाउँछन् । उनी भन्छन्, 'यो सबै नेपालीले भोगेको र देखेको कथा हो । उपासनाले निभाएको चरित्र धेरै महिलाको कथा हो । हामीले छायांकन रुकुममा गऱ्यौं तर यो कथा आम नेपालीको हो ।' उपासनाले पनि धीरजको कुरामा सहमति जनाइन् । दुवै मगर पहिरनमा आकर्षक देखिएका थिए ।

# सुशासन र सेवाप्रवाहको प्रभावकारिता....

सरकारी कार्यालयमा जाँदा फटाफट काम हुन सक्ने अवस्था अहिले पनि छैन । त्यसैले जनताले वास्तविकरुपमा सरकार भएको पूर्ण अनुभूति गर्न सकेका छैनन् । आम जनताले सरकारी कार्यालयमा जाँदा फटाफट काम भएको अनुभूत गर्न सक्ने वातावरणको खोजी गरिरहेका छन् । जनताको सो भावनालाई आत्मसात् गर्ने गरी सरकारको स्पीड द्रुत गतिमा कुदाउने टिम ओलीका लागि अत्यावश्यक छ । मन्त्रीका रुपमा आएको राजनीतिक नेतृत्व इमानमा चलेन भने त्यसले प्रधानमन्त्री र सिंगो सरकारलाई पनि धेरै नै कठिन पार्न सक्छ । अर्कोतर्फ सरकारको नीति, योजना, बजेट र कार्यक्रमलाई कार्यान्वयनमा लैजाने प्रमुख भूमिकामा रहेको ब्यूरोक्रेसीले प्रतिबद्धताका साथ जनतासमक्ष सेवाप्रवाह गर्नसकेको छैन । ब्यूरोक्रेसीको काम नै प्रणालीअनुसार सेवाप्रवाह प्रभावकारीरुपमा दिने नै हो । तर अहिले जतासुकै सरकारका विषयहरु सुनिएका मात्रै छन् । सरकारलाई जनताले सुने पनि सरकार के हो भनेर वास्तविक अनुभूत गर्ने गरी देख्न सकेका छैनन् । जनतालाई सरकारको अनुभूत गराउने मुख्य भूमिका प्रशासन संयन्त्रको हो । सरकारको काम याक्सनमा लैजाने भनेकै कर्मचारी प्रशासनले हो ।

सेवाप्रवाह दिलाउने काम निजामती प्रशासन र अन्य सरकारी सेवाको हो । जनतालाई प्रदान गर्ने सेवाहरु, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता यी सबै विषयले उच्च प्राथमिकता पाउनुपर्छ । त्यसरी प्राथमिकता दिन सकेमा प्रशासनको सरकारप्रतिको बफादारिता स्वत: बढेर जान्छ । सरकारप्रति म बफादार छु भन्ने कुरा प्रशासकको कामले देखाउँछ ।

निर्णय गर्दा आफ्नो स्वार्थ हेर्ने प्रवृत्ति पनि उस्तै छ । को कति मेरिट र क्वालिटीको छ भनेर छान्न राजनीतिक नेतृत्व असफलजस्तै देखिएको छ । सरकारका कतिपय महत्वपूर्ण निकाय र विभागमा कर्मचारीहरु लैजाँदा उनीहरु कतिको काविल र योग्य छन् ? विगतमा कहाँ-कहाँ बसेर के-के काम गरे ? भन्ने विषयमा समेत विस्तृत जानकारी राखेर सक्षम, योग्य र असल वातावरण पाएको व्यक्तिलाई नियुक्ति दिन सके धेरै राम्रो हुन्छ । विगतमा कहिल्यै पनि गलत कार्यमा संलग्न नभएको, भ्रष्टाचारलाई जरैदेखि उन्मूलन गर्नुपर्छ भन्ने दृढता व्यक्त गरेको व्यक्तिलाई जिम्मेवार निकाय र विभागहरुमा पठाउन सक्नुपर्छ । तर अहिले त्यस्तो भइरहेको देखिँदैन । आफ्नो हितलाई मात्रै केन्द्रविन्दुमा राख्ने तर देश र जनताको हितलाई केन्द्रविन्दुमा राख्न नसक्ने प्रवृत्ति आम कर्मचारीमा छ । प्रधानमन्त्रीले आर्थिक समृद्धि, विकास र भ्रष्टाचारमा शून्य सहनशीलता, सुखी नेपाली समृद्ध नेपालको कुरा गरिरहनुभएको छ तर हाम्रो ब्यूरोक्रेसी त्यसलाई पूरा गर्न तयार छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



# प्रदेशस्तरीय नागरिक सम्मेलनबाट ११ बुँदे घोषणापत्र जारी

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/११ बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेशस्तरीय नागरिक सम्मेलन २०८१ सम्पन्न भएको छ । गैरसरकारी संस्था महासंघ बागमती प्रदेशको आयोजनामा हेटौंडामा भएको सम्मेलनले आधारभूत मौलिक हक कार्यान्वयनलाई प्राथमिकतामा राख्दै ११ बुँदे घोषणापत्र जारी गरेको हो ।



नागरिक संघ संस्थाका चूनौती र नागरिक स्वतन्त्रता सम्बन्धी नीतिसंवाद विषयको छलफलपछि घोषणापत्र जारी गरिएको थियो । गैसस महासंघका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदी र प्रदेश अध्यक्ष कमलकुमार विश्वकर्माले मुख्यमन्त्री बहादुरसिंह लामालाई घोषणापत्र बुझाएका थिए । कार्यक्रममा मुख्यमन्त्री लामाले गैरसरकारी संस्थाले उठाएका विषयहरु सम्बोधन हुँदै गएको तर, कार्यान्वयनको पाटो चुनौतीपूर्ण रहेको बताए ।

तत्कालको लागि नभई दीर्घकालीन प्रभाव पर्ने गरी ऐनहरु बनाउनुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री लामाले नागरिक समाजसँग सहकार्य र समन्वय गर्न सरकार तयार रहेको बताए । यसैगरी महासंघका केन्द्रीय अध्यक्ष सुवेदीले सरकारले बनाएका ऐन कानुनमा जनताले अझै पनि अपनत्व महशुस गर्न नसकेको गुनासो गरे । देशका ठुला राजनीतिक परिवर्तनमा नागरिकसमाजको महत्वपूर्ण भूमिका रहेपनि अहिले राजनीतिक दलले आफूहरूलाई बेवास्ता गरेको उनको भनाई छ ।

अध्यक्ष सुवेदीले संविधानमा ३१ वटा मौलिकहक उल्लेख भएपनि व्यवहारमा भने पर्याप्त मात्रामा मौलिकहक प्राप्त गर्न नसकेको बताए । घोषणापत्रमा सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्दा सबैको लागि पहुँच सुनिश्चित हुनुपर्ने, अपाङ्गता भएको व्यक्तिको विद्युतीय पहुँचयुक्तताको व्यवस्था सुनिश्चित गरिनुपर्ने उल्लेख गरिएको छ । तीन तहका सरकारका एकल तथा साझा अधिकारका सूची कार्यान्वयनका लागि स्पष्ट कानून नबन्दा नागरिक संघ संगठनका अभियानमा समेत प्रत्यक्ष प्रभाव परेको उल्लेख गर्दै स्पष्ट कानुन बनाइ कार्यान्वयनको सुनिश्चितताका लागि माग गरिएको छ । कार्यक्रममा प्रदेशका १३ वटै जिल्लाका नागरिक संघसंस्था तथा गैसस महासंघका प्रतिनिधिको उपस्थिति थियो ।

# पालुङमा नेपाल जेसीजको स्थापना दिवस मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/नेपाल जेसीजको ६० औं स्थापना दिवसको अवसरमा थाहानगरमा क्रियाशील पालुङ जेसीजले विविध कार्यक्रम सञ्चालन गरेको छ ।

असोज १ गते पालुङ जेसीजले जेसीआई मिसनका विषयमा अन्तरक्रिया, दीपप्रज्ज्वलन र चियापान गरेको छ । पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा कार्यक्रम भएको हो । 'युवालाई नेतृत्व विकासका अवसर प्रदान गर्ने जसले युवालाई सकारात्मक परिवर्तन सृजना गर्न सशक्त बनाउँदछ' भन्ने यस वर्षको जेसीआई मिसनका विषयमा अन्तरक्रिया भएको हो ।

अन्तरक्रियामा पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम ढकाल, पूर्वअध्यक्ष एवम् थाहा नगरपालिका उपप्रमुख भरत गोपाली, पूर्वअध्यक्ष सहदेब ढकाल, रामप्रसाद ढकाल, सुरेन्द्रमान प्रधान, ओमकर बिष्ट, मनोज रायमाझी, पालुङ बहुमुखी क्याम्पसप्रमुख राजन मिश्रलगायत पालुङ जेसीज वर्ष २०२४ का पदाधिकारी र सदस्यको उपस्थिति रहेको थियो ।

नेपाल जेसीज स्थापना दिवसको अवसरमा पालुङ जेसीजले थाहा नगरपालिका थानाबजारस्थित बुद्धचोकमा दीपप्रज्ज्वलन गरेको पालुङ जेसीज वर्ष २०२४ का कोषाध्यक्ष सञ्जय गोपालीले बताए । दीपप्रज्ज्वलनपश्चात चियापान सहित स्थापना दिवसको कार्यक्रम सम्पन्न भएको पालुङ जेसीज वर्ष २०२४ का उपाध्यक्ष एवम् कार्यक्रम संयोजक नारायण कार्कीले बताए । आजभन्दा ६० वर्ष पहिले सन् १९६४ मा डा. भेषबहादुर थापाको अध्यक्षतामा नेपाल जेसीजको स्थापना भएको हो ।

नेपाल जेसीज जुनियर चेम्बर इन्टरनेसनल अन्तरगत १८ देखि ४० वर्ष उमेरसमूहका सक्रिय युवा सदस्य रहने स्वेच्छिक सदस्यतामा आधारित एक अन्तराट्रिय गैर नाफामूलक संस्था हो । नेपाल जेसीज अन्तरगत १७८ शाखामा करिव १५ हजार युवा सदस्य रहेका छन् । जुनियर चेम्बर इन्टरनेसनल अन्तरगत १२० बढी राष्ट्रमा ५ हजार भन्दा बढी शाखा र २ लाखभन्दा बढी सदस्य क्रियाशील छन् ।

नेपाल जेसीज जुनियर चेम्बर इन्टरनेसनलको सातौं ठूलो सदस्य राष्ट्र हो । युवाको नेतृत्व, व्यक्तित्व र उद्यमशीलता क्षमता विकासका लागि क्रियाशील नेपाल जेसीज सबै जिल्लामा शाखा स्थापना गरी विविध गतिविधि सञ्चालन गरिरहेको छ । पालुङ जेसीजको स्थापना सन् २००० मा हेटौंडा जेसीजको मातृत्वमा भएको हो ।

# मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन प्रदेशप्रमुखलाई

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौंडाले बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटालाई आ.व. २०८०/८१ को गतिविधि तथा मानवअधिकारको अवस्थाबारेको प्रतिवेदन बुझाएको छ ।

आयोगका उपसचिव पवनकुमार भट्टले प्रदेशप्रमुख देवकोटालाई प्रतिवेदन बुझाएका हुन् । प्रदेशमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था सुधारोन्मुख भएको तर, हत्या, आत्महत्याका घटना भइरहेका उल्लेख गरिएको छ । नयाँ प्रबिधिसँगै हुने यस्ता अपाराधिक गतिबिधिले प्रहरीको अनुसन्धानमा चुनौती थपिएको देखिन्छ ।

आयोगको बागमती प्रदेश कार्यालयमा आ.व.२०८०/०८१ मा मात्रै मानवअधिकारको हनन भएको भनि नागरिक तथा राजनीतिक अधिकारमा ११ वटा, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा ३ वटा, यातनामा २ वटा, बालअधिकारमा एउटा, महिलाअधिकारमा एउटा, जातीयविभेदमा एउटा, अपाङ्गता भएका व्यक्तिको अधिकारमा ४ वटा तथा अन्यमा ४ वटा गरी जम्मा २६ वटा उजूरी दर्ता भएका छन् भने पुराना उजूरी ५९६ रहेका छन् ।

यस आ.व.मा ७३ वटा उजूरीको अनुसन्धान समपन्न भई



कानूनी प्रक्रियामा गएपश्चात हाल ५४९ उजूरी अनुसन्धानको क्रममा रहेका आयोगमाले जनाएको छ । प्रतिवेद ग्रहण गर्दै प्रदेशप्रमुख देवकोटाले प्रतिवेदनले दिएको सुझाव कार्यान्वयनको लागि आफूले आफ्नो तर्फबाट समन्वय गर्ने प्रतिवद्धता व्यक्त गरे ।

प्रदेशमा अपाङ्गता भएका व्यक्तिलाई घरपरिवारका मान्छेले विभेद गर्ने गरेको, सरकारी कार्यालय तथा स्थानीय तहका संरचना अपाङ्गमैत्री नभएको, सार्वजनिकस्थल, सडकमार्ग तथा यातायातका साधन अपाङ्गमैत्री हुन नसकेको जस्ता सवाललाई प्रतिवेदनमा उल्लेख गरिएको छ । यसैगरी घरपरिवार तथा विद्यालयमा बालबालिका माथि हिंसाका घटना भइरहेका, बालविवाह, बालश्रम कायमै रहेको तथा बालबालिका यौनजन्यहिंसाका शिकार भइरहनु मानवअधिकारको दृष्टिले संवेदनशील रहेको प्रतिवेदनमा उल्लेख छ । यसैगरी जातीय छुवाछुत तथा विभेदका घटना भइरहेका, ग्रामीण भेगमा मात्र हैन सहरीक्षेत्रमा पनि जातीयविभेदका घटना भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

'स्वास्थ्यसेवा सबैका लागि पहुँचयोग्य तथा सर्वशुलभ छैन, समाजमा मानसिक रोगबाट पीडित व्यक्तिको हेरचाह र उपचार सुनिश्चित हुन सकेको छैन, निःशुल्क पाइने भनेका औषधिको जहिले पनि अभाव हुन्छ, अस्पतालको वातावरण बिमारी तथा कुरुवामैत्री पाईदैन, उद्योग तथा कलकारखानाबाट निस्केको धुवाँ, धुलो तथा ध्वनीले वातावरण प्रदुषित भइरहेको छ भने रोकथामका उपाय अबलम्वन गरिएको छैन' प्रतिवेदनमा भनिएको छ ।

# बागमती विश्वविद्यालयको उपाध्यक्षमा सुवेदी नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/बागमती विश्वविद्यालयको उपाध्यक्षमा चितवनका कुसुमराज सुवेदी नियुक्त भएका छन् । बागमती विश्वविद्यालयको कार्यकारी परिषद्ले सुवेदीलाई उपाध्यक्ष पदमा नियुक्त गरेको हो ।



सुवेदी चितवन खैरहनी-५ निवासी हुन् । खैरहनी-३ स्थित सहिदस्मृति बहुमुखी क्याम्पसमा अध्यापन गराउँदै आएका सुवेदीले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायको शिक्षाशास्त्र तथा पाठ्यक्रम मूल्यांकनअन्तर्गत पेडागोजी विषयमा विद्यावारिधि गरेका छन् । बागमती विश्वविद्यालयको विधान २०८० को परिच्छेद ६ को दफा १२ मा व्यवस्था गरिएको कार्यकारी परिषद्ले सुवेदीलाई उपाध्यक्षमा नियुक्त गरेको हो ।

सोही विधानको परिच्छेद ८ को दफा १५ मा उपाध्यक्षको व्यवस्था गरिएको छ । यो दफाको उपदफा (१) मा उपाध्यक्ष विश्वविद्यालयको प्रशासकीय प्रमुख हुने व्यवस्था गरिएको छ भने उपदफा २ मा उपाध्यक्षको नियुक्ति संरक्षक समितिले गठन गरेको छनोट समितिले सिफारिस गरेका तीनजना उम्मेदवारमध्येबाट कार्यकारी परिषद्ले गर्ने व्यवस्था छ । सोही व्यवस्थाअनुसार संरक्षक समितिले सुवेदीलाई जिम्मेवारी दिएको हो । विधानअनुसार उपाध्यक्षको पदावधि ४ वर्षको रहने व्यवस्था गरिएको छ ।

उनीसहित ५ जनालाई उपाध्यक्ष नियुक्तिका लागि सिफारिस समितिले सर्ट लिष्ट गरेको थियो । सो लिस्टमा खेमराज जोशी, देवचन्द्र मानन्धर, धर्मदत्त तिवारी र शिवराज सञ्जेल समावेश रहेका थिए । सिफारिस समितिले उपाध्यक्ष नियुक्ति मापदण्ड अनुसार माग गरेका कागजात र कार्य योजनाअनुसार सुवेदीले आवेदन पेस गरेका थिए । उनले व्यवहारिक शिक्षाप्रणालीका बारेमा आफ्नो कार्ययोजनामा समावेश गरेका थिए ।

# जिल्लास्तरीय अन्तरक्याम्पस निबन्धलेखनमा स्मारिका प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/थाहानगरस्थित पालुङ बहुमुखी क्याम्पसकी छात्रा स्मारिका ढकाल मकवानपुर जिल्लास्तरीय अन्तर क्याम्पस निबन्धलेखन प्रतियोगितामा प्रथम भएकी छिन् ।

संविधान दिवसको अवसरमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले आयोजना गरेको प्रतियोगितामा स्कारिका प्रथम भएकी हुन् । उनी व्यवस्थापन संकाय प्रथम वर्षमा अध्ययनरत छिन् । प्रतियोगितमा मकवानपुर बहुमुखी क्याम्पसमा मानविकी संकायमा अध्ययनरत जमुना थिङ दोस्रो र वंशगोपाल माध्यमिक विद्यालय हेटौंडा-६ चौघडाकी प्रकृति पौडेल तृतीय भएका छन् । वंशगोपालकै सन्तोष पुडासैनी सान्त्वना भए । संविधान कार्यान्वयनका नौ वर्ष उपलब्धि र चूनौती विषयमा शिक्षा विकास निर्देशनालय, हेटौंडा-८ को हलमा आयोजित निबन्धलेखन प्रतियोगितामा ४ जनाले मात्रै सहभागीता जनाएको निर्देशनालयका सूचनाअधिकारी घनश्याम खनालले जानकारी दिए ।

प्रतियोगितामा सहभागिताको लागि प्रदेश राजधानी रहेको मकवानपुर जिल्लाका सबै क्याम्पसलाई भदौ २४ गते नै आव्हान गरितापनि ३ वटा क्याम्पसका ४ जना विद्यार्थीले मात्रै सहभागिता जनाएको उनले बताए । प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्तवना हुने विद्यार्थीलाई नगद पुरस्कार क्रमश दश हजार, आठ हजार, पाँच हजार र तीन हजार सहित प्रमाणपत्र दिइएको छ ।

# शिक्षकलाई नाक, कान, घाँटीसम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/थाहा नगरपालिका स्वास्थ्यशाखाको आयोजनामा शिक्षकका लागि आँखा, नाक, कान, घांटी तथा मुख स्वास्थ्यसम्बन्धी अभिमुखीकरण भएको छ ।



पालिकाको सभाहलमा भएको कार्यक्रममा प्राथमिक विद्यालयका २५ जना शिक्षकको उपस्थिति रहेको थियो । कार्यक्रमका सहभागीलाई पालुङ प्राथमिक स्वास्थ्यकेन्द्रका डा. पवन कार्कीले सहजीकरण गरेका थिए । डाक्टर कार्कीले विशेषतः आँखाको हेरचाह, स्वस्थ्य आँखाको पहिचान, आँखाको प्रमुख रोग उपचार नियन्त्रण, कानका प्रमुख समस्या, कानबाट पिप बग्ने तथा संक्रमण हुने लगायतको विषयमा सहजीकरण गरेका थिए ।

उनले कान चिलाउने, कान दुख्ने, कान कम सुन्ने, कानमा बाहिरी वस्तु पस्ने, रिंगटा लाग्ने, कानमा संक्रमण हुने कारणहरु, नाकको प्रमुख समस्याहरु रोकथाम प्राथमिक उपचार, घाँटीको र मुखको प्रमुख समस्या र तिनको प्राथमिक उपचारको बारेमा सहभागीलाई जानकारी गराएका थिए ।

कार्यक्रमका दैनिकजसो बालबालिकासँगै हुने शिक्षकले तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्नु आवश्यक भएको औंल्याइएको थियो । तालिम समापनमा थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, शिक्षाशाखा प्रमुख माधवविक्रम मल्ल, स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीलगायतको विशेष उपस्थिति रहेको थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



## साधारणसभासम्बन्धी सूचना !

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-११, को १६ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुन गइरहेको हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाइसकिएको छ, कारणवस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उक्त गरिमामय साधारणसभामा उपस्थित भइदिनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**साधारणसभा हुने:**
मिति : २०८१ असोज ५ गते शनिबार
समय : विहान १०:३० बजे
स्थान : नवलपुर पार्टी प्यालेस, हेटौंडा-११, नवलपुर
(पुरानो जेम्स बोर्डिङ, स्कूलनजिक)

फूलमान श्रेष्ठ (अध्यक्ष)

**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-११, मकवानपुर

सम्पर्क नं. : ०५७-५२४७३४



## असोज ७ गतेबाट तपाईंको सेवामा

DFSK EC 36

“ हाम्रो सुमो सेवाको नौलो प्रस्तुती ”



**हाम्रो ई.भी. सेवा**

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४५, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना